# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

**औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउ आहवानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०१/१५**

यस गाउँपालिकाको चालु आ.व. २०७६/०७७ को लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमावली, २०६४ को नियम ८४ बमोजिम विभिन्न औषधी तथा सर्जिकल सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले निम्न सर्तहरुको अधिनका रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताहरुले लिखित आवेदन सहित यस देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जका रु.१,०००।०० -फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नवीकरण गरिएका औषधी व्यवस्था विभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं.मु.अ.क.दर्ता सहित, आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र प्रमाणित प्रतिलिपिहरु सहित सुचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछ ।

२. दरभाउपत्र **पेस** गर्दा दरभाउपत्र साथ रु.५०,०००।०० -अक्षरेपी पचास हजार मात्र) खोलिने मिति देखि गणना हुने गरी ७५ दिन मान्य अवधि रहने गरी नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा देवानगञ्ज गाउँपालिका, देवानगञ्जको एन आई सि एसिया बैंक, इनरुवा स्थित धरौटी खाता नं. २४३CA५००२१९७००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचार दरभाउपत्र साथ संलग्न गर्नपर्दछ ।

३. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनमा १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्र वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयका खोलिनेछ । दरभाउपत्र वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. आपुर्ति गर्नुपर्ने औषधी तथा सर्जिकल सामाग्रीहरुको विवरण दरभाउपत्र फाराम सँगै उपलब्ध गराइनेछ ।

५. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेका अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

६. औषधी आपुर्ति गर्दा WHO GMP Certified Company हरुबाट उत्पादित औषधीहरु आपुर्ति गर्नु पर्नेछ । साथै औषधीहरुको Expiry Date आपुर्ति गरिने समय देखि कम्तीमा १ वर्ष सम्म रहनुपर्नेछ ।

७. बोतलमा प्याकिङ्ग हुने औषधीहरु सबै प्लास्टिकको बोतलमा हुनुपर्नेछ ।

८.औषधी आपुति गर्दा औषधी **को** लेवलमा **"नेपाल सरकारवाट निशुल्क बितरण को लागि"** भन्ने **लोगो** हुनुपर्ने छ।

९. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र पेस गर्नेले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत गर्नुपर्ने छ ।

११. एक कम्पनी, फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनी, फर्म वा संस्थाको नाममा दाखिला गर्न पाउने छैन ।

२०७७/१/१५

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

१२. सामाग्रीहरु यस कार्यालयको हाता भित्र आपुर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्बन्धित दरभाउपत्रदाताले व्यहोर्नु पर्नेछ ।

१३. दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन र खोलिने दिनमा बिदा परेमा सो कार्य सो को भोली पल्ट सोही समयमा हुनेछ ।

१४. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१५. यो सुचना देवानगञ्ज गाउँपालिकाको वेभसाइड www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कुल लागत अनुमान (मु.अ.क. सहित) | कामको विवरण | धरौटी रु. |
|---|---|---|---|---|
| १. | DRM/Medicine Supply ०१/०७६/०७७ | १०,००,०००।०० | विभिन्न औषधी तथा सर्जिकल सामाग्रीहरु | ५०,०००।०० |

.............................
त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत